# राइनास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।

प.स. : ०८०।८१/बै.ठप.
चलानी.न : ४६५

मिति २०८०।०६।१६

विषय : नगर कार्यपालिकाको ३६ औ (स्थानीय तह सदस्य निर्वाचन २०७९ पछिको ) बैठक सम्बन्धमा ।

श्रीमान् नगर उप-प्रमुख ज्यू,
श्रीमान् वडा अध्यक्षज्यूहरु एवम् नगर कार्यपालिका सदस्यज्यूहरु सबै वडा (१० जना )
श्रीमान नगरकार्यपालिकाको सदस्यज्यूहरु सबै (८ जना )
राइनास नगरपालिकाऽ तीनपिप्ले, लमजुङ ।

उपर्युक्त सम्बन्धमा , स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६(४) खण्ड (क)(१) बमोजिम यस राइनास नगरपालिकाका नगर प्रमुखज्यूको निर्देशन अनुसार तपशिलका प्रस्तावित छलफलका विषयसूची अनुसारका छलफलका विषयहरुमा छलफल गरी निर्णय गर्नङ्गो लागि सोहि ऐनको दफा १७ बमोजिम निम्न मिति, समय र स्थानमा यस राइनास नगर कार्यपालिकाको ३६ औ (स्थानीय तह सदस्य निर्वाचन २०७९ पछिको) बैठकमा उपस्थिति एवम् सहभागिताका लागि निर्देशानुसार अनुरोध गरिन्छ ।

तपशिल :
मिति : २०८०।०६।१८
समय : दिनको १ बजे
स्थान : राइनास नगरपालिकाको कार्यालय

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावित छलफलका विषयसूचिहरु(Agendas) :

१) मिति २०८०।०६।५ गतेको ३४ औ नगरकार्यपालिका बैठक र मिति २०८०।६।१५ गते भएको ३५ औ नगर कार्यपालिकाको बैठकमा भएका निर्णयहरुको समीक्षा पुनरावलोकन(Review) सम्वन्धमा ।
२) राइनास नगर कार्यपालिकाको आकस्मिक वाहेक नियमित मासिक बैठक(महिनाको कम्तिमा २ पटक बस्ने गरी मिति तय गर्ने र नगरकार्यपालिकावाट भएका सवै निर्यणहरुको बन्द बन्दमा र अन्तिम बन्द पेजमा कार्यपालिकाका सदस्यहरु सबैको हस्ताक्षर गर्ने ? वा नगर प्रमुखवाट मात्रै हस्ताक्षर गर्ने भन्ने विषयमा निर्णय गर्ने सम्वन्धमा ।

।१। क्रमश: २ पेजमा

# राइनास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।

प.स. : ०८०/८१ बै.व्य.
चलानी.न : ४८९ | १२ | ४

मिति २०८०।०६।१६

३) राइनास नगर कार्यपालिकात्बाट आ.व. २०७९/८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम आ.व.२०७९/८० मा संचालन कार्यान्वयन भएका आयोजना तथा कार्यक्रमहरुको बार्षिक प्रगति समीक्षा कार्यक्रम संचालनको मिति तय गर्ने सम्बन्धमा ।

४) राइनास नगरपालिकाको नगरसभाको १२औ अधिवेशन बैठकबाट स्वीकृत भएका आ.व. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार भौतिक पूर्वाधार तर्फका उ.स.बाट संचालन कार्यान्वयन गर्ने आयोजनाहरुको जनसहभागिता/लागत सहभागिता (नगद लागत सहभागिता, निर्माण सामाग्री लागत सहभागिता ,जनश्रमदान सहभागिता ) अंशदानको प्रतिशत निर्धारण गर्ने सम्बन्धमा ।

५) राइनास नगरपालिकाको क्षमता विकास योजना (C.D.P.) सवीकृत गरी सोको भुक्तानी दिने सम्बन्धमा ।

६) प्रहरी चौकी तीनपिप्ले को च.नं. ४९,मिति २०८०।०६।१४ को पत्रानुसार इन्धन उपलब्ध गराउने सम्बन्धमा ।

७) राइनास नगरपालिका अन्तरगत यस अघि गठन भएका विषयगत समित, नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितलाई पूर्णता दिने सम्बन्धमा र विषयत समितहरुका नियमित मासिक बैठक वसी समिक्षा गर्ने सम्बन्धमा ।

८) महिला,शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नं.१३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व.०७९/८०-०८०/८१)वमोजिम कार्ययोजना कार्यान्वयन राइनास न.पा. स्थानीय समिति गठन गर्ने सम्वन्धमा ।

९) राइनास न.पन. अन्तर्गतका १० वटा वडा कार्यालयहरुको चालु प्रशासनिक खर्च वजेट विनियोजन गर्ने सम्वन्धमा ।

१०) राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट आ.व. ०७९/८० मा सम्झौता र कायदिश भएका निर्माणाधिन ५ वटा आयोजनहरुको म्याद थप सम्वन्धमा ।

११) राइनास न.पा.को नगसभाको १२ औ अधिवेशन वैठकबाट स्वीकृत आ.व. ०८०/८१को स्वीकृत वार्षिक कार्यक्रम अनुसार स्रोत सुनिश्चितता भएका नगरस्तरीय, वडास्तरीय अन्य कार्यक्रम स्तरीय र भौतिक पूर्वाधार तर्फका आयोजनाहरुको खरिद विधि तय गर्ने सम्व्नधमा ।

१२) राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु, अन्य कर्मचारीहरुको इन्धन मापदण्ड र मर्मत सम्भार मापदण्ड निर्धारण गर्ने सम्वन्धमा ।

१२। क्रमशः ३ पेजमा

२०८०।६।१६
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# राइनास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।


प.स. : ०८०/८१/नै.व्य.
चलानी.न : ४६९ (३) ४
मिति २०८०।०६।१६

१३) राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट मिति २०८०।०५।०७ गते,मिति २०८०।०५।०८ गते र मिति २०८०।०५।०४ गते प्रकाशित शिलवन्दी बोलपत्र पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना अनुसार मिति २०८०।०६।७ मा, मिति २०८०।०६।८ मा र मिति २०८०।०६।१४ मा खोली मुचुल्का गरिएका तर आ.व. ०८०/८१ को स्वीकृत बार्षिक योजनामा समावेश नभएका ,स्रोत अतेयन्त नयून भएका र स्रोत सुनिश्चितता नै नभएका निम्नानुसारका आयोजनाको स्रोत सुनिश्चितता सहित बजेटको सुनिश्चितता गर स्रोतको सुनिश्चितता सहित आ.व. ०८०/८१को कार्यक्रममा समावेश गरी प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको मुल्याङ्कन प्रक्रिया अगाडि बढाउने वा नबढाउने सम्बन्धमा ।

१४) राइनास नगरपालिका नगरकार्यपालिकाको कार्यालयको आ.व. ०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार विषयगत समितहरुबाट राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालयको खरिद इकाईबाट भएको निर्णय बमोजिम अत्यावश्य सेवाको लागि आवश्यक रीत प्रक्रिया पुर्याई नम्स स्वीकृत गरी तपसिल बमोजिम e-bid प्रक्रियाबाट औषधि खरिद गर्ने सम्बन्धमा ।

१४.१.) पशु सेवा तर्फ अत्यावश्यक औषधी खरिद रु १६ लाख

१४.२.) स्वास्थ्य तर्फका ९८ प्रकारका निशुल्क अत्यावश्यक औषधी खरिद रु १० लाख

१५) आ.व. ०८०।८१ को स्वीकृट्ट वार्षिक कार्यक्रम अनुसार उ.स.बाट संचालन/कार्यान्वयन गरिने भौतिक पूर्वाधार तर्फको आयोजनाहरुको उ.स.मा रहने पदाधिकारीहरुले सम्झौता गर्नुपर्ने आ.व.०८०/८१ को सम्पत्तिकर विगत आ.व.को बाँकी बक्यौता सम्पत्ति कर बुझाएको रसिद राख्नुपर्ने र उ.स.बाट निर्माण कार्य संचालन /कार्यान्वयन हुने आयोजनाको ५ प्रतिशत धरौटी रकम राख्ने व्यवस्था गर्ने सम्बन्धमा ।

१६) नगरपालिकाको प्रक्षेपित आन्तरिक स्रोत वृद्धिका लागि स्वीकृत IEE प्रतिवेदन अनुसार नदीजन्य पदार्थहरुको पुन :ठेक्का लगाउने तेस्रो पटक सार्वजनिक सूचना प्रकाशन गर्ने सम्वन्धमा ।

१७) राइनास नगरपालिका अन्तर्गतका सवै तहका शैक्षिक संस्था र विद्यालयहरुको आधारभूत बाल बिकास केन्द्र(विद्यालय) नियमित अध्ययन,अध्यापन,व्यवस्थापन, गुणस्तर सिकाई उपलब्धि ,शिक्षक शिक्षिकाहरुको नियमित उपस्थिती र कक्षा संचालन,भौतिक पूर्वाधार आदि विषयमा तत्काल अनुगमन निरीक्षण गर्न नगरपालिका पदाधिकारी, सामाजिक विकास समितिका पदाधिकारी र शिक्षा युवा तथा खेलकुद शाखाका कर्मचारीहरुको समेतको २ टोली वनाइ २०८०।०६।२७ गते भित्र स्थलगत सघन अनुगमन गरी प्रतिवेदन नगरपालिका समक्ष पेश गर्ने सम्वन्धमा ।

|3| क्रमशः ४ पेजमा

२०८०।६।१६
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# राइनास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।

प.स. : ०८०/८१/नै.व्य.
चलानी.न : ४६९ |४| ४

मिति २०८०।०६।१६

१८) राइनास नगरपालिका अन्तरगत आ.व. ०८०/८१ मा संचालन /कार्यान्वयन गर्ने गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) छनोट गरी कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

१९) राइनास नगर कार्यपालिकाको नियमित बैठकमा पेश गर्ने प्रस्तावित छलफलका विषयसुचीहरु(Agendas) को पूर्व तयारी छलफल तय गरी प्रस्तावित छलफलका विषयसूचीहरु तय गर्ने सम्वन्धमा नगर कार्यपालिकाका पदाधिकरी र कर्मचारी समेत रहेको ………… सदस्यीय पूर्व तयारी समिति गठन गर्ने सम्वन्धमा ।

२०) राइनास नगरकार्यपालिकाकी बैठक संचालन भइरहेका बखत तत्काल निर्णय गर्नुपर्ने जरुरी सार्वजनिक महत्वको विषय सम्वन्धी, अति आवश्यक अति जरुरी तत्काल निर्णय नगरी नहुने विषयको बढीमा १ वटा प्रस्तावको विषयमा ।

२०८०।६।१६
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

|४|